बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय


बुलेटिन सङ्ख्याः ३

# जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक

## प्रकोप तथा महामारी निगरानी मासिक बुलेटिन

**आर्थिक बर्ष: २०८२/८३** **महिनाः आश्विन** **प्रकाशित मिति: २०८२/०७/१०**


## मुख्य झलकहरु:




***(श्रोतः DHIS2, EWARS) (तथ्याङ्क लिएको मितिः २०८२/०७/१०)***

## महामारीजन्य रोगहरुको अवस्था (प्रमुख ५ रोगहरु)

१. **डेंगी**




*(श्रोतःDHIS2) (तथ्याङ्क लिएको मितिः २०८२/०७/१०)*

- आश्विन २०८२ महिनामा काभ्रेपलाञ्चोक जिल्लाभित्र जम्मा **२६ वटा डेंगी ज्वरोका केसहरू** प्रतिवेदन भएका छन्। जसअन्तर्गत मण्डनदेउपुर नगरपालिकाबाट **२ वटा केस**, बनेपा नगरपालिकाबाट **५ वटा केस**, नमोबुद्ध नगरपालिकाबाट **१ वटा केस**, पाँचखाल नगरपालिकाबाट **६ वटा केस**, तेमाल गाँउपालिकाबाट **१ वटा केस**, चौरीदेउराली गाँउपालिकाबाट **१ वटा केस** र धुलिखेल नगरपालिकाबाट **१० वटा केस** प्रतिवेदन भएका छन्। अन्य स्थानीय तहहरू भुम्लु, पनौती, बेथानचोक, रोशी, महाभारत र खानीखोलाबाट भने कुनै केस प्रतिवेदन भएका छैनन्।

२. **स्क्रब टाइफस**

आश्विन २०८२ महिनामा काभ्रेपलाञ्चोक जिल्लाभित्र जम्मा **२३ वटा स्क्रब टाइफसका केसहरू** प्रतिवेदन भएका छन्। जसअन्तर्गत भुम्लु गाउँपालिकाबाट **२ वटा केस**, मण्डनदेउपुर नगरपालिकाबाट **४ वटा केस**, धुलिखेल नगरपालिकाबाट **५ वटा केस**, नमोबुद्ध नगरपालिकाबाट

**९ वटा केस**, र महाभारत गाउँपालिकाबाट **३ वटा केस** प्रतिवेदन भएका छन्। अन्य स्थानीय तहहरू बाट भने कुनै केस प्रतिवेदन भएका छैनन्।

## ३. कालाजार

आश्विन २०८२ महिनामा काभ्रेपलाञ्चोक जिल्लाभित्र **धुलिखेल नगरपालिकाबाट १ वटा कालाजार (Kala-azar) केस** प्रतिवेदन भएको छ। अन्य सबै स्थानीय तहहरू बाट कुनै केस प्रतिवेदन भएका छैनन्।

## रोग/सिन्ड्रोम अनुसारको तुलनात्मक विवरण (महिनाः श्रावण)

| रोगको नाम | भदौ, २०८२ (अघिल्लो महिनामा) | आश्विन, २०८२ (यस महिनामा) | केसको संख्यामा भिन्नता | आश्विन, २०८१ (गत वर्षको सोही महिनामा) |
|---|---|---|---|---|
| हैजा | ० | ० | ० ■ | ० |
| डेङ्गी | १० | २६ | १६ ■ | १०० |
| Acute Gastroenteritis | ३६७ | ३५२ | १५ ■ | ४७९ |
| SARS (Severe Acute Respiratory Syndrome) | ६ | ५ | १ ■ | - |
| औलो | १८ | ६ | १२ ■ | ० |
| ILI (Influenza Like Illness) | ३८३ | ३२२ | ६१ ■ | ३७३ |
| स्क्रब टाइफस | ६ | २३ | १७ ■ | - |
| कालाजार | ० | १ | १ ■ | ० |

*(श्रोतः DHIS2, EWARS) (तथ्याङ्क लिएको मितिः २०८२/०७/१०)*

■ *केसको संख्या बढेको* ■ *केसको संख्या घटेको* ■ *केसको संख्यामा कुनै परिवर्तन नभएको*

## निगरानी तथा केस व्यवस्थापन सम्बन्धी गरिएका पहलहरुः

| | |
|---|---|
| SARS (Severe Acute Respiratory Syndrome) | • स्वास्थ्य संस्थाहरूमा SARI केसहरूको नियमित निगरानी र प्रतिवेदन प्रणाली सुदृढ गरिएको।<br>• पुष्ट केसहरूको उपचार, आइसोलेसन, र स्वास्थ्यकर्मीहरूको सुरक्षा सामग्री (PPE) प्रयोगमा जोड दिइएको। |
| ILI (Influenza Like Illness) | • इन्फ्लुएन्जा जस्तै लक्षण भएका सङ्कास्पद केसहरूको निगरानी र प्रयोगशालामा परीक्षण सुविधा उपलब्ध गराइएको।<br>• समुदायस्तरमा हात धुने बानी, खोक्दा-छिँक्दा मुख ढाक्ने अभ्यास र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको। |
| औलो | • मलेरिया सङ्कास्पद केसहरूको RDT परीक्षण र पुष्ट केसहरूको समयमै उपचार तथा अनुगमन गरिएको।<br>• मच्छर प्रजननस्थल पहिचान गरी लार्भा नियन्त्रण तथा कीटनाशक छर्किने गतिविधि सञ्चालन गरिएको। |

## आभार

जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोकले रोग निदान र व्यवस्थापनका लागि कार्यरत सबै सरकारी तथा निजी स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूको योगदान प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछ।